Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फ़ैज़ अहमद फ़ैज़



891.439
92 फै

देवेन्द्र राज उपाध्याय

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फ़ैज़ अहमद 'फ़ैज़'

देवेन्द्र राज उपाध्याय

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशक:
सरला उपाध्याय
आवरण शिल्पी:
हरिप्रसाद वैद्य

LSO.4S9
3 9 2



मुद्रक: एजुकेशनल इन्टरप्राइजेज (प्रा.) लिमिटेड
पोष्ट बक्स नं. ४२५ कान्ति पथ
कठमाडौं फोन नं. २-१३७४९

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मेरो कुरा

सर्व प्रथम म यो पुस्तक ''मानवताका सबै मित्रहरूमा'' समर्पित गर्न चाहन्छु। उर्दूमा भन्ने हो भने'' इन्सानियत के सारे दोस्तों के नाम''।

लगभग छब्बीस वर्ष अधिको कुरा हो। त्यस भन्दा अधि त्रि-चन्द्र कालेजमा नेपाली भाषाका मेरा गुरू रहीसक्नु भएका श्रद्धेय श्री बालकृष्ण समको प्रेरणाले एवं श्री ५ महेन्द्रको आर्थिक निगाहले विश्वको सर्वश्रेष्ठ दुखान्त नाटक 'राजा इडिपस' को मेरो नेपाली रूपान्तर प्रकाशित भयो। त्यसमा श्री समले स्नेहपूर्वक भूमिका लेखी दिनु भयो।

अनि भलाई लाग्यो विश्वका अन्य विशिष्ट रचनाहरूको नेपाली रूपान्तर गरूँ एवं आफना छिमेकी राष्ट्रहरूका प्रसिद्ध रचनाको अनुवाद वा व्याख्या गरूँ। त्यसै क्रममा 'एण्टीगनी', 'चू युआन', 'एगामेमनन', 'भगवान बुद्धका उपदेश' 'गीता र प्रेरणा', 'गेसरको कथा 'नल र दमयन्ती', 'मीर गालिब इकबाल', आए र अब प्रस्तुत पुस्तक 'फैज अहमद फैज' नेपाली पाठकहरू समक्ष छ।

फैजको काव्यात्मक उत्कृष्टता विषयमा पाकिस्तानको क्वेटा विश्व विद्यालयको उर्दू विभागका भूतपूर्व अध्यक्ष प्रोफेसर मोजतबा हुसेन तथा कवि ईश्वर बल्लभका प्रस्तुत विचारहरूले पाठकहरूको केही जिज्ञासा समाधान गर्ने छन्। उहाँहरू दुवैलाई म हार्दिक धन्यवाद दिन चाहन्छु।

दक्षिण एशियाका देशहरूमा आजको बढदो मैत्री एवं आत्मीयताको वातावरणमा, भारत, पाकिस्तान र भूटानका प्रसिद्ध रचनाहरू नेपाली भाषामा ल्याउने मेरो सानो प्रयत्नको प्रस्तुत पुस्तक एक श्रृंखला मात्र हो।

देवेन्द्र राज उपाध्याय
२०४३

२१/ ४५२ राम शाह पथ
काठमाण्डू
४१२३२७

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आमुख

कविताको अनुवाद हुन सवछ सक्दैन त्यो चर्चाको विषय पनि हो। कथित दुवै धारणाहरूका पक्ष र विपक्षमा विचारहरू छन्। यदि निश्चय नै अनुवाद हुन नसको स्थिति मात्रै सर्वोपरि स्थिति हुँदो हो, अनुवादका यी विविध र विशद कार्यहरू संस्थागत तथा व्यक्तिगत रूपमा, कतै हुने थिएन। अर्थात, अनुवाद तिर पनि कुनै प्रयासको यस्तो आवश्यकताको कुनै स्वाभाविक अनुभूति रहने थिएन। एकातिर सार्वभौमस्तरमा अनुवाद कार्यहरू भई रहेका छन्, अर्कोतिर अनुवाद गर्ने कार्य अति कठिन भएको अनुभव पनि यस कार्यमा संलग्न विद्वान विदूषीहरूलाई भैरहेको छ।

अझै सृजनागत सक्षम रचनाकारहरू पनि किन अनुवाद तिर उन्मुख हुन्छन, त्यो आश्चर्यजनक प्रश्न छ। आफूलाई मन पर्ने कवि, कथाकार तथा इतर अन्य रचनाकार हरूका कृतिहरूलाई, र अरू पाठकहरूलाई पनि रूचिगत हुने त्यस्ता अन्य कृतिकारहरूलाई अनुवाद गरी आफनो भाषा तथा वांग्मयमा पैठारी गर्न चाहने उहाँहरूका परिश्रमहरूले भाषिक वा पाठकीय संस्कृतिलाई धेरै सहयोग पुग्राउँछ, फलस्वरूप आफनो भाषा विभिन्न सांस्कृतिक-साहित्यिक विस्तृति पाएर धनी हुँदै जान्छ। सब भन्दा विशेष कुरा पारस्परिक सांस्कृतिक विचारका - परिचय हुन गई, पारस्परिक मानवीय सद्भावनाहरू पनि बढन जान्छन्। अतः अनुवाद पनि रचनागत स्तरीयतामा निहित हुन सक्दछ। उदाहरणस्वरूप बाइबिलको अनुवाद अंग्रेजी वा समकक्ष अन्य भाषाहरूमा पनि नभएको भए, बाइबिलको प्रचारको यो वर्तमान विश्वजनीत स्वरूप यति वृहद हुने थिएन, यसै अनुरूप उदाहरणका अन्य प्रकार पनि दिन सकिन्छन्। अतः प्रश्न अनुवादको उपादेयता, सार्थकंता र आवश्यकतामा रहेन। प्रश्न फेरी त्यही परिसर घुम्छ, स्वयं सक्षम रचनाकार हुँदा हुँदै पनि अरूको रचनाको अनुवाद गर्ने काम गर्ने व्यक्तिको त्यो प्रलोभन के हो, ऊ आफू स्वयं रचना नगरेर अरूको लेखनको अनुवाद गर्छ। यसको उत्तर शायद स्वान्त सुखाय हो, त्यस पछि इतर रचनाहरूको सुन्दरता, ओजस्विता र मर्म युति आफनो प्रिय र अंतरंग मोह पनि हो।सृजनशील रचनाकार यदि अरू भाषाको इतर रचनाहरू पढन र बुझन सक्षम छ भने, उनमा रहेको सौन्दर्य तथा उत्सता प्रति उ समर्पित पनि हुन्छ। त्यस बेला आफनो भाषामा पनि त्यही उपलब्धिको लागि व्यक्तिगत रचना धर्म केही पर राखी, अनुवादमा संलग्न हुन्छ भने, त्यहा के को आश्चर्य।

श्री देवेन्द्र राज उपाध्याय यस्तै प्रकारका व्यक्ति हुनु हुन्छ।

यस परिचय लेखमा कवि तथा शायर गीतकार फ़ैज अहमद फ़ैजको परिचय दिने, मेरो उद्देश्य नहुनु नै स्वाभाविक स्वार्थ छ। फ़ैजका सम्बन्धमा उनका आफना भाषा र हिन्दी र इतर अंग्रेजी आदि भाषाहरूमा घेरै अक्षरहरू लेखिएका छन्। यस जगतका सुख दुख, 'दुख

Digitization by Hindu Heritage Foundation of America; HHFA(USA)

निंती तैयार पारेर मीठा कविताहरू प्रस्तुत गर्ने दक्षताका सम्बन्धमा यस लेखमा मैले केही अधिक लेखिरहनु पर्ने वाध्यता अनुभव नगर्न सक्छु। स्वयं देवेन्द्र राज उपाध्याय जस्ता विद्वान व्यक्ति नै श्री फ़ैजका रचना अनुवाद गरी नेपाली भाषा भाषी पाठकहरूमा प्रस्तुत गर्न चाहनु हुन्छ भने, यति नै उदाहरण फैज अहमद फैजको महत्ता कायम गर्न प्रशस्त छ। कवितामा वास्ना पनि हुन्छ। उर्दू भाषा भाषी यस वास्नालाई 'खुशबू' भन्ने गर्छन्, एक भाषाको वास्ना देखिन् खुशबू र त्यही खुशबू देखिन अर्को भाषाको वास्ना सम्मको यात्रा तथा निक्सारी पैठारी नै अनुवादको सनातन धर्म हो। यसै वास्नालाई किंचित विचलित न तुल्याई नेपाली भाषामा फैजको कवितालाई फेरी लेख्दा, अर्थात पुनर्रचना गर्दा श्री देवेन्द्र राज उपाध्यायको भाषिक सामर्थ्य, म अत्यन्त सराहना गर्दछु।

उहाँ भन्नु हुन्छ
यस उमेरमा विष खोंदै छु ए साथी
मुटुको आफ्नो प्याल सिउंदैछु ए साथी।

हुनत वास्ना वा खुशबू भन्दा हामीलाई कहिले काही यदि स्वाभाविक हुँदो हो, कविता लेखिएका पानाहरू नै सुंधि दिन सायद मन लाग्ला। यिनै पंक्तिहरूमा 'विष' परेको छ। खाई दिन मन लाग्ला तर त्यो व्यवहारमा असंभव हुन्छ। उता फ़ैज अहमद फ़ैज आफनो अत्यन्त वलियो र उस्तै गीत र 'शेर' हरू लेख्न तैयार पारिएको भाषामा अभिव्यक्ति प्रस्तुत गर्छन्, त्यसै समकक्ष अभिव्यन्जनाको लागि श्री देवेन्द्र राज उपाध्याय आफनो नेपाली भाषालाई प्रयोग गर्नु हुन्छ-प्रभावको गरिमा त्यही स्थापना गर्न, जुन उर्दूमा थियो।

नेपाली भाषाको प्रवृति तथा प्रकृतिले गर्दा पनि उर्दूमा जस्तो गीत 'शेर' लेखिन सकिदैन। 'गजल' वा 'नग्मा' पनि लेखिदैन त्यति सहजता सित, एकातिर यो स्वाभाविक कठिनता अर्को तिर यसै भाषामा अर्थात प्रकृति र प्रवृत्तिले पनि इतर शैलीमा, विचारलाई कुनै विचलनमा विना यहाँ ल्याउनु पर्छ। यसको लागि यदि आफैमा एउटा वलियो र संवेदशील कवि छैन भने यसो गर्नु गहारो पर्छ।

तुर्की, फारसी, अरबी, अक्कादी र हेब्रु आदि भाषाको र हिन्दी कै पनि संरचनागत आधार प्राप्त गरेको उर्दू भाषाको 'लज्जत' अर्को छ। यता हाम्रो नेपाली त्यस परंपरा अनुरूप बनेको भाषा होइन, यसको निर्मितिगत प्रविधि नै फरक हुनाले सम्पूर्ण स्वभाव नै फरक छ। यस स्थितिमा फ़ैज अहमद फैज वा समकक्ष सक्षम अन्य रचनाकारहरूको कवितालाई नेपालीमा आमन्त्रण गरी, आतिथ्य धर्म पालन गर्नु पर्छ। यस्तो कार्य विद्वानहरूबाट मात्र सहज हुन्छ। देवेन्द्र राज जी यसै कारण पनि प्रशंसनीय हुनु हुन्छ।

रकसी लहर तेज गर, बाजाको लय तेज गर, मधुशालामा प्रेयसीको सन्देश

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

त्याइरैछ।—फ़ैज अहमद फ़ैजको भाषा नेपाली हुँदो हो यी पंक्तिहरूले संकेत गरेको अभिव्यञ्जनाहरू सायद यिनै हुने थिए। तर, मधुशालामा प्रेयसीको सन्देश ल्याइंदैछ भन्ने ढर्रा सायद नेपालीको ढर्रा होइन। नेपाली जाति संभवतः लुकेर रकसी खान्छ, लजाएर खान्छ। रक्सीको मात वा यसको प्रभावलाई ऊ दर्शनको लुगा लगाउदैन। अचेलका केही नेपाली गीतहरू भने अब त यस्तै 'मर्महरू' लाई पनि छुन प्रयत्न गरीहरेछन्।

मधुशालामा अर्थात् भट्टीमा प्रेयसीको सन्देशको प्रतीक्षा र त्यो सन्देश आउँदैछ भनेर जुन घोषणा हुन्छ, त्यस घोषणाबाट सृजित आल्हाद र त्यसको काव्यिक वर्णन फैज जस्ता कविबाट संभव हुन्छ। अभिव्यक्तिका यस्ता पराकाष्ठाहरू जब नाघिन थाल्दछन्, यस्तै बेला विचारको साधारणताहरू पनि धरातल उम्केर कविता हुन थाल्दछन्। विशेष गरेर फारसी र अरबी भाषाको परंपरा र प्रभाव अनुसार र आफनै प्रवृत्ति अनुसार पनि उर्दु साहित्यमा यिनै साधारणताहरू भित्र पनि दार्शनिक उन्मेष प्रच्छन्न रहन्छ।

अनुवादमा 'मधुशाला' लाई भट्टी गर्दा पनि हुन्थ्यो, नेपाली ठेट बन्थ्यो तर त्यस शब्दले अझै उपरोक्त दार्शनिक उन्मेष त्यति धान्न नसकेको हुनाले श्री उपाध्यायले संस्कृत शब्द मधुशाला राख्नु भएको छ। उहाँको काव्यिक मौलिकता यही त हो।

ईश्वरवल्लभ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फ़ैज अहमद फ़ैज

यदि कसैलाई आफू समक्ष बसेका व्यक्ति फैज साहेब हुन् भन्ने थाहा छैन भने, उनलाई कसैले पनि कवि हुन् भन्ने अनुमान सम्म गर्न सक्दैन। कमसे कम मेरो अनुभव त यही थियो। तर आलिक बेर पछि जब उनमाथि केही क्षणका लागि दृष्टि स्थिर हुन्थ्यो र उनको शान्त बनावटको छाप क्रमिक रूपले पर्दै जान्थ्यो र हृदयमा एक अनौठोपन उत्पन्न हुन्थ्यो अनि त्यस बेला उनी कवि बाहेक अन्य केही लाग्दैन थे। यो अनुभूतिले मन भित्र त्यस्तै प्रभाव पार्दछ जस्तो प्रभाव भर्खरै मनमा पलाएको प्रेम विकसित हुँदै जाँदा पर्दछ।

फैज साहब ठुलो सिर र शान्त मुहारमा निकै स्वस्थ देखिनु हुन्छ। धेरै अग्लो भने होइन, तर सिर देखि खुट्टा सम्म उहाँको एउटा आकर्षक व्यक्तित्व स्पष्ट झल्कन्छ। यो व्यक्तित्वमा शान्ति, धैर्य तथा गंभीर चिन्तन थपिएको छ। फैज साहेबको मुहारलाई राम्रो भन्न भने मिल्दैन। अनुहार त कुनै शिल्पकारले बनाए जस्तो लाग्दछ तर कता कता छिनोको दाग बाँकी रहे को जस्तो पनि। ठुला ठुला आँखामा पातला राता नलीहरू फैलिएका देखिन्छन् तथा आँखामा जहिले पनि पानी भरिए सरह देखिन्छ। तर यी आँखा मनमोहक छन्। फैज भन्दा बढी उनका आँखा बोल्दथे, मुसुक्क हाँस्दथे। ती आँखा स्वप्निल र जाग्रत दुवै लाग्दथे।

बलियो शरीर, बलियो पाखुरा, बलियो सिर, यी सबै मिलेर उहाँ आत्मविश्वासले भरिएको एक व्यक्तित्व झल्किनु हुन्थ्यो। फैज साहेब त्यसो त कुरा कम गर्नु हुन्थ्यो। साना टुक्का र वाक्यहरू उनको मुखबाट अडकी अडकी निस्कन्थे। तर पनि ती टुक्काहरूमा लोच हुन्थ्यो र मनमोहक भाव। तिनमा मिठास, कोमलता र साहानुभूति हुन्थ्यो।

फैज साहेबको कविता पढने तरीका त्यस्तै छ जस्तो कुराकानीको—जुन तरीकाको आफनै एक विशिष्ट ढंग छ, जो दुख र सुख दुवैबाट स्वतन्त्र छ। यसमा सारा समस्या हल भई सक्यो भन्ने अनुभव हुन्छ। अब यस्मा कुनै अल्झो र चिन्ता छैन। यो अत्यन्त होशियारी साथ सम्हालिएको व्यक्तित्व को किसिम हो। यसमा केशको सुगन्ध र ज्योत्सनाको सौन्दर्य छ। उनका कविता पढने किसिम सुन्दा लाग्दछ :

"सो रही है घनी दरख्तों पर
चाँदनी की थकी हुई आवाज।"

फैज साहेबको कविता भन्ने तरीका नै कविता हो। उर्दू कवितामा ठूला ठूला कविहरूको सम्बन्ध सूर्यवंशी परिवारसित भए जस्तो लाग्दछ। यी कविहरूको सानो सानो कविताहरूबाट पनि तेज किरण प्रस्फुटित भएको भान हुन्छ। सुन्दरीको मुहार होस अथवा

Digitized by Siddhanta eGangotri Gyaan and eGangotri Foundation and Arya Samaj Foundation Chennai and eGangotri

स्वच्छन्द हुन्छ। तर फैज साहेबको किसिममा रात र चाँदनीको पूर्ण सम्मिश्रण भएको लाग्दछ—बादल भित्र लुकेको चन्द्रमा जस्तै। त्यसैले फैज साहेबको सम्बन्ध सम्पूर्ण रूपले चन्द्रवंशी परिवारसित भए जस्तो लाग्दछ। शायद यो परिवारको प्रारंभ उनीबाट नै हुन्छ भन्नु अन्युक्ति हुने छैन।

"जाने उस जुल्फ की मोहुम घनी छाँव में
टिमटिमाता है वो आवेज़ा अभी तक के नही।"

फैज साहेबको तरीका ट्रम्म अलकको यसै शीतल छायाबाट चम्की रहेको कानको झुमका जस्तै लाग्छ।

फैजका कवितामा अवश्य पनि यौवनको आदर्श र अनुभवहीन प्रेमको केही अस्पष्ट छाप देखा पर्दछ। तर उनको कविताको किसिम तुरन्त जनप्रिय हुने खालको छैन। उनको कवितामा दुख र पीडा तथा त्यसलाई उत्पन्न गर्ने अन्यायको झलक हुन्छ। उनको कवितामा यो किसिम उनको पहिलो प्रकाशित पुस्तक देखि अन्तिम पुस्तक सम्म आफनै व्यक्तित्व लिएर स्पष्ट छ। यसमा कुनै परिवर्तन आएको छैन।

फैजको तरीकामा तीखोपन, तीव्रता र व्यङग साधारण तया देखा पर्दैन। उनले कल्पनालाई आधार लिएर केही प्रयोग भने गरी हेरेका छन्। तर यस्तो प्रयोग उनले डर मानी मानी साथै आफनै किसिमको रङ हाल्दै गरेका छन्। सम्भवतः उनी यस प्रकार आधुनिक युगको आवश्यकतासित आफनो कविताको सम्बन्ध स्थापित गर्न चाहन्थे। तर फैजको सम्पूर्ण काव्यात्मक सम्पत्ति नै उनको आफनै नौलोपन हो।कहिले काहीं फैजको प्रबल कल्पना मानिसका लागि अरूचिपूर्ण हुन जान्छ। प्रतीकवादको प्रयोगले पनि उनको तरीकालाई विस्तृत पार्न समर्थ भएन। फैजको कविता बुझ्न मानिस सभ्य र शिक्षित हुनु पर्दछ। तर यति हुँदा हुँदै पनि उनको कविता यति विधि जनप्रिय कसरी भयो त?

राम्रो साहित्य केवल केही व्यक्तिको रुचिको परवाल भित्र मात्र थुनिएर बांचन सक्दैन। साहित्यको काम परवाल बनाउने होइन, परवाल भक्काउने हो। यस्तो साहित्य सयौं वर्षको अवधिलाई नाघेर पाठकहरूका बीच पुग्छ। फिरदौसको "शाहनामा" मा उच्चतम स्तर कायम छ।तर यसलाई पढने रं रुचाउनेहरूको संख्या अनगिन्ती छ। फैजका कविता लोकप्रिय हुनुको एक कारण यसले मध्यम वर्गको दुखमा कल्पनाको मिठास भर्न सक्नुले पनि हो। फैज अत्यन्त राम्रा शायर हुन् तथा राम्रो शायरी अथवा कविता धेरै काल सम्म जनप्रिय रहन्छ। फैजको कवितामा आफनै वातावरण छ; यो वर्णनात्मक कविता होइन। फैज आफनो कवितादारा कसैको चित्त दुखाउने कुरामा विश्वास गर्दैनन्। फैजको कविता स्वयम् दुखले भरिएको हुन्छ। फैजको कवितामा पुगेर हरेक चीज दुख बन्न जान्छ। यो दुख

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)
इतिहासको अध्ययनको फल पनि हुन सक्छ, सामाजिक अन्यायको फल पनि हुन सक्दछ। आध्यात्मिक आधारमा मानिसको भाग्यमा बनेर आएको दुख फैजको कवितामा स्वप्नवत पाइन्छ। यसलाई फैजले आफनो तरीकाको माधुर्यद्वारा सुन्दर बनाइ दिएका छन्।यो एक प्रेमिकाको कल्पना जस्तै उनका मधुर हरफबाट बिस्तारै बिस्तारै प्रकट हुन्छ र अनि त्यस जीवनको धामिलो पनामा बदलिन्छ जसलाई स्पष्ट गर्न सकिदैन। उनको कविता दुखले भरेको कल्पना हो जसमा कविको व्यक्तिगत अनुभवको प्रभाव आनुपातिक रूपले कम छ। त्यो अँध्यारोपन जो फैजको कवितामा चारै तिर पाइन्छ यसले प्रेमीको सामिप्य एवं दूरीलाई एक समान बनाई दिन्छ।

यसो त हामी फैजका कवितालाई तीन भागमा बाँडन सक्दछौं। स्वतन्त्र हुनु अधिको, स्वतन्त्रता पछिको र आफनो विदेश भ्रमण बारेको। फैजको कविता आवेगात्मक धरातल भन्दा बाहिर आउन सकेको देखिन्न। तर फैजको कवितालाई त्यसकै वातावरणमा पढनु पर्दछ। फैजको शायरीको सुन्दरता यसै वातावरणमा झल्किन्छ। उनको कवितामा दुखको पनि सकारात्मक लक्षण छ।

''गुल हुई जाती है अफ़सोदा सुलगती हुई शाम ''

मैले जब पहिलो पल्ट फैजको कविता पढें म एउटा नौलो र अचम्मको प्रभावमा डूबे—यस्तो प्रभाव जस्को म बयान गर्न सक्दिन।

''गुल हुई जाती है अफ़सोदा सुलगती हई शाम''

यस कविताको पहिलो हरफको अर्थलाई मैले पूरा रूपले आफनो मस्तिष्कमा उतार्न सकिन। एक शब्द अर्कोमा पसेर एक मानसिक प्रभाव ल्याउँछ जसको गहिराई सम्म मेरो दृष्टि पुग्न सकेन। तर पनि त्यसमा मैले एक यस्तो आनन्द पाएँ जुन मैले यस युगका नवीन शायरहरूका पाउन सकिन। फैजका यस कवितामा उदासी थियो, थकाई थियो, एकलोपन थियो एवं जिन्दगीको बेफाइदाको अभ्यास।

''जाने उस जुल्फ की मौहूम घनी छावँ में
टिमटिमाता है वो आवेजा अभी तक के नही''

यी हरफले मलाई सपनाको एक दुनियामा पुग्राई दियो—यस्तो अनिश्चितताको वातावरणमा जसमा सामिप्य र दूरी दुवैको आभास मनमा उत्रन पुग्यो। फेरी मैले उनका अरू कविता पढें। ''तन्हाई'' ले मलाई त्यो चीज दियो जसको अनुभूति म गर्न चाहन्थें तर अनुभूति गर्न सकेको थिइन। फैजको कवितामा मुलुकका तन्नेरीहरूको एक्लोपन, अनिश्चितता, ज्यानको बाजी एवं उद्देश्यहीन स्थिति सबै छ। आज जब म फैजको कविता पढछु मलाई त्यस वातावरणको संझना आउँदछ—जसमा म स्वयम् थिएँ। हाल एक स्मृति रूपमा मात्र रहन गएको त्यो वातावरण मलाई बडो प्यारो लाग्थ्यो।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फैजको कवितामा इतिहासको अपराध पाइन्छ; जवानीको मस्ती र जवानीको नैराश्य; बाक्लो केशको रहस्यमय छाया; मेहदीको लाली; मुहारको सौन्दर्य; रहस्यमय जीवनको पत्रै-पत्र परेको मौनता; सपना र सपना भंग हुनु यी सबै छ। फैजको शायरीलाई रात प्यारो लाग्छ एवं रात सित त्रास पनि। मनमा विचार आउँछ-के अंधकार पनि कुनै शायरका निमित्त प्रेरणा बन्न सक्छ?

गेटेले मर्दा मर्दै प्रकाशलाई बोलाएका थिए एवं इकबालले लेखेका थिए:

'खोल आँख जमी देख फ़लक देख फिजाँ देख
मशरीक से उभरते हुए सूरज को जरा देख''

तर, फैज कहाँ भने खाली अन्धकारछ, जो घाउ पनि हो स्वयम् मलहम पनि हो। यो अन्धकारमा मानिस छाया जस्तै देखा पर्छ र उसको निधार अलिक बेरका लागि चाम्किन्छ र फेरी अन्धकारमा विलीन हुन्छ।

''आखरी शब के हमसफ़र फ़ैज न जाने क्या हुवे''

जिन्दगी को यस अपरिचित र अनन्त अंधकारमा फैजको शायरीको वातावरण बनेको छ—यो वातावरणले मोहित पनि पार्छ र मनलाई तोड्छ पनि। मानिस यसमा मुग्ध पनि हुन्छ एवं हत्या पनि गर्छ। वास्तवमा फैजले आफनो जमानाको रंगहीन स्थिति र उद्देश्यहीनतालाई एउटै धागोमा उनेर आफनो शायरीको वातावरणलाई एक नया सार्थकता प्रदान गर्दछन्। फैजको कविता पढदा हामीलाई हलुको अर्थहीनताको प्रकाशमा मानिस बाँचन र मर्न बाध्य भएको भान हुन्छ।

फैजको शायरीमा यही वातावरण घुमीं रहन्छ। यस वातावरण भन्दा बाहिर शायद मनुष्य बाँचन सक्दैन। तीव्र प्रकाशमा उसको आँखा तिरमिराउँछ। जिन्दगीको कडा घाममा सुन्दरता ओइलाउँछ। गुलाफ झैं मुहार पसीनामा भिज्छ र त्यसमाथि लगाइएको पाउडर बग्छ। जमीन माथि मेहदी लगाएको खुट्टा घाइते हुन्छ। जब म यस वातावरणलाई संझन्छु अनि बितेका पलाहरू थाकेका पाइला चाली म कहाँ आई पुग्दछन् तथा बडो आत्मीयताले मलाई हेर्न थाल्दछन्।

''दर्द का चाँद बुझ गया हिज्र की रात ढल गई''

मलाई त्यस बेला यस वातावरण माथि प्रेम जागेर आउँछ। र संभवतः फैजलाई पनि जति प्रेम यस वातावरणसित छ त्यति कसैसित छैन। फैजले यो वातावरणलाई जुन प्रकारले कायम राखेको छ त्यो एउटा ठूलो उपलब्धि हो। उनको शायरी दोस्रो विश्व युद्ध भन्दा पहिले प्रारम्भ भई सकेको थियो। उनको शायरीले स्वतन्त्रताका निमित्त संघर्ष

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

देख्यो। दोस्रो विश्व युद्ध देख्यो, पाकिस्तानको स्थापना देख्यो। आज विश्व परमाणु युगमा पुगी सकेको छ। कति ठूला ठूला परिवर्तनहरू पार गरेर हामी यहाँ सम्म पुगेका छौं र कति परिवर्तन हाम्रो अगाडी आउँदैछ।जिन्दगी कति छिटो अधैर्य हुँदै गएको छ। तर यस्तो स्थितिमा पनि फैजको शायरीले आफनो आत्म-नियन्त्रण र मर्यादा बिर्सेन। फैजको काव्यात्मक व्यक्तित्व यस युगमा हाम्रो नया शायरीलाई सहारा दिंदै छ।

फैजको शायरी मेरा लागि आज पनि कहिले काँही शान्तिको कारण बन्दछ। त्यसलाई पढेर-यत्रो ठूला शहरमा मानिस एक्लो छ भन्ने अनुभूति अलिक कम हुन्छ।

प्रोफेसर मोजतबा हुसेन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फ़ैज अहमद फ़ैज को मिरज़ा जफ़रूल हसनसित एक कुराकानी

वाल्यावस्था देखि युवावस्था सम्म

हाम्रा कविहरू मध्ये कोहीको गुनासो समयले उनीहरूको सम्मान गरेन मन्नेछ। हाम्रो काव्यको भावनाले नै देशवासीहरूको सम्मान गरे जस्तो मलाई लाग्दैन तर देशवासी हरूले ममाथि भने ठूलो प्रेम र कृपाको वर्षा गरी रहेको मैले अनुभव गरेको छु। यो स्नेहको वर्षा ममाथि अनेक सज्जनहरूबाट भइ रहेछ, मित्रहरूबाट भई रहेछ तथा उनीहरूबाट समेत भई रहेछ जसलाई म चिन्दिन। मैले गरेका केही थोर बहुत प्रयत्नका निम्ति यतिको प्रशंसा पाउँदा मलाई अत्यन्त संकोच लागेर आउँछ एवं भन्ठान्दछु मैले यस मन्दा अरू धेरै प्रयत्न गर्नु थियो भनेर।

यो कुनै आजको कुरा होइन, केटाकेटी उमेर देखि नै मैले यस्तो कृपा पाउँदै आएको छु। केटाकेटीमा स्कूलमा पढदा अन्य विद्यार्थीहरूसित झण्डै यस्तै प्रकारको सम्बन्ध हुँदै आयो। उनीहरूले विना कारण आफनो नेता बनाए—यद्यपि नेता हुने गुण ममा कुनै पनि थिएन। नेता हुन वा प्रतिष्ठा पाउन या त मनुष्य अतुलनीय हुनु पर्दछ या अत्यन्त बुद्धिमान। म पढन लेखनमा ठीकै थिएँ; खेल्ने पनि गर्दथें तर पढाईमा त्यो संपूर्णता प्राप्त गर्न सकेको थिइन जसले गर्दा अरूहरूको ध्यान मेरा तर्फ आकर्षित हुन सकोस।

वाल्यावस्था को एउटा कुरा संझना भएर आउँछ। हाम्रो घरमा महिलाहरूको भीड सरह थियो। हामी तीन भाई मध्ये मेरा दाजू तुफ़ेल र भाइ इनायत, महिलाद्वारा विद्रोही मानिन्थे र उनीहरूको बीच पर्न जान्थे। यसले गर्दा मलाई केही लाभ र केही हानि हुने भयो। लाभ यस अर्थमा भयो—मलाई महिलाहरूले अत्यन्त महान जीवन विताउन पर्ने आवश्यकताको तालीम दिए एवं यस क्रममा असम्य र गंवार कुरा मेरो मुखबाट कहिले निस्कन दिएनन् जो अहिले पनि निस्कंदैन। हानि यस अर्थमा भयो—खेलकूद नगर्ने हुँदा म मा एक्लो पंन जागेर आयो र गल्लीमा कतै कसैले चंगा उडाएको छ, अथा डंडी बियो खेली रहेछ अथवा लट्टू नचाई रहेछ मने म यसै ट्वाल टवालती हेरी राख्थें। म रमिता मात्रै हेर्ने गर्थें, रमितामा भाग लिने आँट ममा हुन्नथ्यो कारण म रमितालाई महान काम ठान्दिन थे।

अध्यापकहरू पनि मेरा प्रति कृपा राख्नु हुन्थ्यो। अचेलको कुरा त थाहा छैन तर हाम्रो जमानामा भने स्कूलमा मास्टरहरू द्वारा विद्यार्थीहरूमाथि अत्यन्त पिटाई हुन्थ्यो। हाम्रो जमानाका शिक्षकहरू हत्यारा जस्तै डरलाग्दा थिए। यद्यपि मलाई कुनै मास्टरले पीटेनन् तर सहपाठीहरूलाई सजाय दिने काममा मलाई अघि सार्ने हुँदा मलाई यस कुराले अत्यन्त दुख हुन्थ्यो र यसै कारणले उनीहरूलाई म यसरी सजाय दिन्थे जसले गर्दा उनीहरूलाई अत्यन्त कम दुख होस भनेर। थप्पड दिनुको सट्टा गाला थपथपाउँथें तथा कान निमोठनको

Digitization by Hindu Heritage-Foundation of America. HHFA(USA)

बिहान हामी आफना पिताका साथ नमाज पढन जान्थ्यौं। बिहानै उठ्थ्यौं पिताजीका साथ मसजिद जान्थ्यौं र त्यस बेलाका ठूला विद्वान मौलवी इब्राहिमसित एक डेढ घण्टा पवित्र कुरान सुन्थ्यौं। त्यस पछि पिताजीसित एक डेढ घण्टा घुमथ्यौं र अनि स्कूल जान्थ्यौं। रात परे पछि पिताजीले बोलाउनु हुन्थ्यो र केही चिठीहरू लेखाउनु हुन्थ्यो। तिनताक उहाँलाई पत्रहरू लेख्दा केही शरीरिक कठिलाई हुन्थ्यो र यसै कारणले हामी उहाँका सचिव जस्ता थियौं। यो काम गरेर हामीहरूलाई धेरै फाइदा भयो। उर्दू तथा अंग्रेजी खबर कागजहरू पढन तथा चिठी पत्र लेखनमा हाम्रो धेरै योग्यता बढ्यो।

हाम्रो घर संगैं पुस्तकको एउटा पसल थियो जहाँ दुइ पैसा भाडा तिरेमा पुस्तक पढ्न ल्याउन पाइन्थ्यो। त्यस पसलमा उर्दू साहित्यको राम्रो संग्रह थियो। त्यसै अवसरमा मैले मीर र दागका कविताहरू पढें। गालिब बुझन गहारो हुन्थ्यो तर आधा बुझे पनि गालिब पढने गथ्यौंयी कविताहरूले मेरो मन माथि विचित्र प्रभाव पार्दथे एवं त्यसै कारणले मलाई कवितासित प्रेम हुन थाल्यो तथा साहित्यसित विशेष चाख पनि।

हाम्रो पिताजीका मुख्य कारिन्दाको जिम्मा हाम्रो घरको प्रबन्ध थियो। कहिले काहीं उनीसित कुनै कुनै कुरामा झगडा हुन्थ्यो। उनले एक दिन हामीलाई तर्साउँदै भने, "तिमिहरू स्कूलको किताब नपढी उपन्यास पढछौ, आज तिम्रो पिताजीलाई यो कुरा न बताई छाडदिन।" हामीले पिताजीलाई यो कुरा न भन्न उनलाई कति फकायौं तर उनले मानेननु र पिताजीलाई हाम्रो विरूद्ध उजूर गरी हाले। पिताजीले मलाई बोलाएर भन्नु भयो—"मैले सुने तिमी उपन्यास पढछौ रे।" मैले उत्तर दिएँ—"हो।" उहाँले भन्नु भयो—उपन्यास नै पढने भए अंग्रेजी उपन्यास पढ, उर्दू उपन्यास राम्रा हुन्न।"

मैले अंग्रेजी उपन्यास पढन थालें। डिकेन्स र हारडीका साथै अन्य कैयन उपन्यासकारका कृतिहरू पढें। आधा बुझथें, आधा बुझदिन थे। दसौं कक्षा सम्म पुग्दा नपुग्दै अध्यापक अंग्रेजी सच्याउने गर्न थालें। कहिले काहीं ती अध्यापक रिसाएर भन्थे—"यदि तिम्रो अंग्रेजी मेरो भन्दा राम्रो भए तिमी नै पढाउने गर, मसित किन पढछौ।"

हाम्रो घर भन्दा केही मील टाढा एक ठूलो घरमा जाडो महिनामा बराबर कवि सम्मेलन हुन्थ्यो। जब दस कक्षामा म पुगें मैले पनि कवितामा तुकबन्दी गर्न थालें—एक दुइ कवि सम्मेलनमा आफनो कविता सुनाएँ पनि। तर सभापतिले सल्लाह दिए—कविता राम्ररी लेख्न आए पछि मात्र यो काम गर्नु, अहिले कविता लेख्न छोडी देउ। तर जब सियालकोट कालेजमा प्रोफेसर युसुफ सलीम चिश्तीले उर्दू पढाउन आउनु भयो उहाँले कवि सम्मेलनहरूको आयोजना गर्न थाल्नु भयो जसमा मलाई पनि कविता पढन लगाउनु भयो। ती सम्मेलनहरूमा मेरो निकै प्रशंसा भयो एवं चिश्ती साहेबले, "तिमी बराबर कविता

Digitized by Siddhanta eGangotri Gyaan and eGangotri Foundation and Arnesha Foundation (USA)

गवर्नमेण्ट कालेज लाहोरमा पढदा घेरै विद्वान र दयालु प्रोफेसरहरूसित पढन पाइयो। त्यहाँ प्राध्यापक एवं विद्यार्थीहरूका बीच साहित्यको माध्यमद्वारा मित्रता सरह हुन्थ्यो। गुरूहरूको संगत र कृपाले गर्दा मैले घेरै कुराहरू सिक्न सकें।

मैले आफना मित्रहरूबाट पनि घेरै कुरा सीकें। कविता लेखे पछि पहिले विशिष्ट सज्जनहरूलाई सुनाउँथे तथा उनीहरूले मन पराए पछि मात्र कवि सम्मेलनहरूमा सुनाउँथें। र कुनै सज्जनले कुनै छन्द मिलेन भने भने त्यसलाई मिलाउँथें अथवा झिकी दिन्थें।

जब मेरो पिताजीको मृत्यु भयो मलाई थाहा भयो अब त खान सम्म केही छैन भनेर। अनि यता उती भडकँदै, निर्धनता मैं समय बिताउन थालें। यस्तो दुख परेको बेलामा अरूहरूको मेरा प्रति प्रदर्शित कृपाले गर्दा म मा सुखको अनुभव भयो।

मलाई मनुष्य देख्दा जाति आनन्द लाग्दछ त्यति प्रकृतिको सौन्दर्यबाट पनि लाग्दैन शहरका गल्ली, टोलहरूमा पनि यस्ता यस्ता शोभा हुन्छन् जो नदी, मरूभूमि, पहाड, र फलफूल भन्दा कम हुन्नन्– केवल हेर्ने आँखा चाहिन्छ।

प्रारंभमा अथवा कालेजको जमानामा म कवि बनुला भन्ने म मा भावना नै थिएन। राजनीतिमा लागेको भने थिइन–यद्यपि तिनताकका राजनैतिक आन्दोलनहरू–काँग्रेसको आन्दोलन, खिलाफत आन्दोलन वा भगतसिंहको स्वतन्त्रता आन्दोलनले मलाई प्रभावित पारेका थिए।

मेरा प्राध्यापकको विचारमा म कुनै क्रिकेट खेलाडी हुन्छु भन्ने थियो। केटाकेटी देखि नै मैले निकै क्रिकेट खेलेको थिएँ। आफनो मनमा भने अध्यापक बन्ने अभिलाषा थियो–अनुसन्धानकर्ता हुने इच्छा थियो। म नत क्रिकेट खेलाडी नै हुन सकें न त अनुसन्धानकर्ता नै। तर अध्यापक भएर म अमृतसर गएँ।

मेरो जीवनको सब भन्दा मनोहर युग अमृतसर नै भयो र त्यसका कारण पनि थिए। पहिलो पल्ट पढाउने मैले मौका पाउँदा मलाई अत्यन्त सुखको अनुभव भयो। आफना विद्यार्थीहरूसित प्रति दिन भेटने सुख, उनीहरूसित मित्रता बढाउने सुख, उनीहरूलाई पढाउने सुख तथा उनीहरूसित केही सिखने सुख। उनीहरूसितको मित्रता अझै कायम छ। साथै, अमृतसर मैं गंभीरतापूर्वक कविताहरू लेख्न प्रारंभ गरें।

अमृतसर मैं हुँदा "प्रगतिशील साहित्य" का विषयमा तर्क वितर्क हुन्थ्यो।यो तर्क वितर्कमा दुई तीन वर्ष व्यतीत भयो। त्यस जमानामा साहित्यिकहरूको दुई समूह थियो– "साहित्यका निमित्त साहित्य" भन्ने तथा "प्रगतिशील साहित्य" भन्नेको। यी दुई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
समूहका बीच घेरै वर्ष सम्म बहस चली रहचो र यसले गर्दा आफू निकै व्यस्त भैयो।

तिनै ताक रेडियो प्रसारणको प्रारंभ भयो। रेडियोमा हामीहरू नै कार्यक्रम बनाउँथ्यौं। मैले रेडियोका लागि केही नाटक तथा कथाहरू पनि लेखें। तिनै ताक मजाज, सरदार जाफरी, जाँ निसार अख्तर, जजबी आदि सित मित्रता भयो। उहाँहरूबाट मित्रताका साथै नया नया कुराहरू सिखने मौका पाएँ। त्यो जमाना थियो व्यस्तताको र बेफिक्री पनि।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

تنہائی

پھر کوئی آیا دلِ زار، نہیں کوئی نہیں
راہ رو ہوگا کہیں اور چلا جائے گا
ڈھل چکی رات بکھرنے لگا تاروں کا غبار
لڑکھڑانے لگے ایوانوں میں خوابیدہ چراغ
سو گئی راستہ تک تک کے ہر اک راہ گزار
اجنبی خاک نے دھندلا دیئے قدموں کے سراغ
گل کرو شمعیں بڑھا دو مے و مینا و ایاغ
اپنے بے خواب کواڑوں کو مقفّل کر لو
اب یہاں کوئی نہیں، کوئی نہیں آئے گا

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
आज कोही हे दुखी मन आए जस्तो छ
त्यो रहेछ पथिक केवल जाई हाल्ने छ।
ढल्न लागे रात हेर छरिन लागे तारागण
निभ्न लागे महलका ती स्वप्नवत सब ज्योतिगण।
पथ पनि अब शून्य भई गो पर्खि पर्खि पथिकलाई
धुलोले मेटी दियो त्यस पथको सब पद चिन्हलाई।
बत्ती सब नै अब निभाउ, रक्सी प्याला सब लग
निद्रा नपर्ने आफ्ना ढोका, बन्द गर सब बन्द गर।
अब यहाँ आउन्न कोही, आउन्न अब आउन्न लौ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

رات باقی تھی ابھی جب سر بالیں آکر
چاند نے مجھ سے کہا! جاگ سحر آئی ہے
جاگ اس شب جو ملے خواب ترا حصہ تھی
جام کے لب سے تہِ جام اتر آئی ہے
صحنِ زنداں میں رفیقوں کے سنہرے چہرے
سطحِ ظلمت سے دمکتے ہوئے ابھرے کم کم
نیند کی اوس نے اُن چہروں سے دھو ڈالا تھا
دیس کا درد، فراقِ رخِ محبوب کا غم
لذتِ خواب سے مخمور ہوائیں جاگیں!
جیل کی زہر بھری چور صدائیں جاگیں!
دُور دروازہ کھلا کوئی، کوئی بند ہوا
دُور مچلی کوئی زنجیر، مچل کے روئی
دُور اُترا کسی تالے کے جگر میں خنجر
سر پٹکنے لگا رہ رہ کے دریچہ کوئی
میرے بے کار شب و روز کی نازک پریاں
اپنے شہ پور کی رہ دیکھ رہی ہیں یہ اسیر
جس کے ترکش میں ہیں امید کے جلتے ہوئے تیر

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रात थियो अझै बाकी
जब मेरो सिह्रानमा
आई चन्द्रमाले भन्यो
"बिऊँझ हुन लाग्यो बिहान लौ,
बिउँझ तिमी, यो रात रूपी
मदिराले भरिएको प्याला
जो थियो भाग्यमा तिम्रो
अब पींध सम्मै रित्तियो"।
मेरी प्रेयसीको तसवीरलाई
विदा गरी
जसै खुले मेरा आँखा
रातीको अचल पानीको
कालो तन्ना माथि
नाच्न थाले भुमरी चाँदीका,
चन्द्रमाको हातबाट
कमल फूल झैं ताराहरू।
खस्दै डुबुल्की मार्दै,
थिए त्यस पानीमा
फुल्दै,ओइलाउँदै,
अनि रात र बिहान
धेरै बेर आपसमा
गर्दै थिए अंकमाल।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बन्दीगृहको आँगनमा
मित्रहरूका रूप सुनौला
पत्रै-पत्र अंधकारमा
सुस्तरी देखिन थाले,
निद्राको ओसले
जसको मुखबाट
थियो धोइएको
वेदना देशको
र दुख प्रेयसी विछोडको।
टाढावाटा बन्दीगृहको
डंका सुनियो
खान नपाई पहेलिएका
पालेहरूका थाकेका
पाइला पनि सुनियो।
बन्दीहरूको रिसले भरिएको
फिरादका चिच्याहट
यी आवाजहरू
पालेहरू सित
हाथे मालो गरी
हिंडे झैं लागेका।
रात भरी सुतेका
हावा पनि,
निन्द्राको नशाबाट
छन् बिउँझेका।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बन्दीगृहका
विष भरिएका
चोर आवाजहरू
अब सब बिउँझेका।
टाढा कतै कुनै ढोका
खुल्यो कुनै बन्द भयो
नाच्यो फलामे साङ्लो।
अनि नाच्दै रोयो
टाढा कतै ताल्चाको
मुटुमा
तीखो कुनै छुरी रोपियो।

लाग्छ कतै
निंद्रावाट बिउँझेका
शत्रुहरू,
पत्थर फलामले
ढालिएका
ठुला प्रेतहरू
जसको फन्दामा
छन फसेका
गर्दै फिराद दिनरात
समेत ब्रह्मनाद।
मेरा बिहान बेलुकाका
अति राम्रा परी पनि।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुनै राजकुमारको
छन प्रतीक्षामा
यी बन्दीहरू,
जसको तरकशमा हुन्
आशाका
प्रज्वलित तीरहरू।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

شام کے پیچ و خم ستاروں سے
زینہ زینہ اتر رہی ہے رات
یوں صبا پاس سے گزرتی ہے
جیسے کہہ دی کسی نے پیار کی بات
صحن زنداں کے بے وطن اشجار
سرنگوں محو ہیں بنانے میں
دامنِ آسماں پہ نقش و نگار!
شانۂ بام پر دمکتا ہے!
مہرباں چاندنی کا دستِ جمیل
خاک میں گھل گئی ہے آبِ نجوم
دل سے پیہم خیال کہتا ہے
اتنی شیریں ہے زندگی اس پل
ظلم کا زہر گھولنے والے!
کامراں ہو سکیں گے آج نہ کل
جلوہ گاہِ وصال کی شمعیں
وہ بجھا بھی چکے اگر، تو کیا
چاند کو گل کریں تو ہم جانیں

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साँझमा घुम्रिएका
ताराहरूबाट
भग्नाङ भग्नाङ
ओर्लिरहेछ रात।
जसै हावा
उड्छ नजीकबाट
लाग्छ भन्यो कसैले
मारौं प्रीतका बात।
बन्दीगृहका आँगनमा
निर्वासित रुखहरू
व्यस्तछन् निहुरेर
बनाउन आकाशमा
फूल बुट्टाहरू
कौसीको काँधमा
चमकन्छन्
कृपापूर्ण चन्द्रमाका
राम्रा हाथहरू।
धुलोका कणमा पनि
छन् प्रतिबिम्बित
ताराका चमकहरू।
ज्योत्स्नाले
देखिन्छ धोइएको
हरेक कुनामा
लिएका नीलोपन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
आकाश गंगा पानि।
लहराउँछन् मनमा
त्यसरी नै
जसरी
प्रेमी विछोड्का
दुखपूर्ण लहरहरू।
मनमा निरन्तर
आउँछ विचार
कति सुमधुर छ
जीवन यस क्षणमा,
हुन सक्ने छैनन् सफल
अत्याचारको
विष बनाउनेहरू
न आज न भोली नै
प्रेयसीको मिलन स्थलको
बत्ती निभाई जीत भन्ठान्नेहरू।
चन्द्रमा निभाउन सके
अनि पो जानु।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिम्रो दुखमा आफनो ज्यान दिने
ती सब शहीद बिती सके
तिम्रो बाटोमा शिर कटाउने
ती बाटो छाडी बिती सके।
तिम्रो नखराले अब हारेर
पर्खेको रात बिती सक्यो
मेरो धैर्य देख्दा रिसाएर
मेरा माया गर्ने हिंडी सके
न मिलनका निम्ति छ बिन्ती यो
न छ दुखको बयान यो
न सुनाउँछु दुखी कथा
न त गर्छु म उजूर नै।
तिम्रो राजमा मेरो दिलको दुख
मेरा शक्ति जति सब हिडी सके
मेरा आफना यी जो लुगाहरू
यिनमा लेखिएका कथाहरू
यिनै दागका यी कुराहरू
आफना मित्रहरू बीच ली गएँ
न रहें म पागल प्रेममा
के काम डोरी र फन्दाको
जो प्रेमको अपराधमा
गर्ने घमण्ड हिंडी सके।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जब सय कृपा छ यो रातमा
बिछोडको होस अब रात कहाँ
छ कठिन भने परिस्थिति
मेरो दिल पनि अब बेच्छु लौ
तिम्रो गलीमा यदि ज्यान दिएँ
भने ठीक हुने छ हाल त्यहाँ
जहाँ जान्छौ तिमि सजी धजी
त्यो मृत्यु स्थलमा तिम्रो स्थान
रहन्छ त्यो अमर सँधै
बलिदान स्थलमा हुन्न कुनै
पुर्ख्यौलीको बयान अब
नत प्रेमी कसैको नाम छ
न त प्रेम नै कुनै जात छ।
यदि हो भने बाजी तिमी
लगाउ दाउ कुनै डर न ली
जीत्यौ भने त के कुरा
हाग्यौ भने पनि केकुरा।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रार्थना-शक्ति अब छैन बाँकी
सहने उत्साह अब छैन बाँकी
तिम्रो दर्शन खोसियो म बाट
नत्र दुनियामा के छैन र बाँकी
अत्याचारी अभ्यासबाट हात नझिक
नभए यहाँ भक्ति हुन्न बाँकी
भलोहोस तिम्रो वेदना प्रदान गर्ने आँखाको
मेरो मनमा कुनै छैन निन्दा बाँकी
भई सक्यो अन्त युग मिलन वियोगको
जिन्दगीमा अब छैन कुनै ख़ुशी बाँकी।

तिम्रो संझनाका घाउ जब भरिन लाग्दछन्
त्यही बहानाले पनि संझना आउँछन्
चर्चामा प्रेयसीको छ सौन्दर्य देखिने
घर भित्र राम्रा अलकहरू हेर कोरिने
नचिनेको हरेक जन मर्मज्ञ लाग्दछ
जो अहिले पनि तिम्रोबाटो जान लाग्दछ।
देशबाट बाहिरिएका देश बारे सोद्धछन्
त बिहान मेरा आँखामा आँसु आउँछन्।

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
त्यस सुन्दरताको सम्झनाले तिमीसित छ सम्बन्ध गरेको
जसले गर्दा यस मनलाई मेरो परी-महल छ बनाएको
जसको संझनामा मैले यो दुनिया बिर्सिराखेको
यस संसारलाई हेर संसारैको कथा बनाएको
तिम्रा पाइलाहरूसित चिनजान छ त्यो संपूर्ण बाटोलाई
बेहोस जवानीको अनुकंपा जसमा पार्ने भन्छन् उनलाई.
तिमीसित जुन प्रिय समीरले खेल्न गयो
त्यसको पोशाकको मलिन सुगन्ध बाँकी रहचो
बर्सेको छ तिमीमाथि पनि चन्द्र रश्मि त्यो
जसमा विगत रातका अझै केही रेखा बाँकी छ।
तिमीले देख्यौ त्यो निधार, त्यो कपोल र त्यो ओठ
जसको ध्यानमा जिन्दगी लुटाएँ मैले।
उठेका छन् तिमीमाथि ती जादूगरी आँखा
तिमीलाई थाहा छ किन उमेर बिताएँ मैले।
तिम्रो प्रेम-दुखको कृपा म माथि व्यापक छ
यति बढी अनुकंपा जो गिनाउन सकिदैन।
मैले यस प्रेममा हराएँ के के सीखें के के
तिमी बाहेक अरूलाई बुझाउँ भने सक्दिन बुझाँउन।

विनय सीखें गरीबको पक्ष लिन सीखें,
निराशा तथा दुख दर्दको अर्थ पनि सीखें
पीडित प्राणीको दुख बुझ्न पनि सीखें,
पीरको आह रक्तहीन अनुहारको माने सीखें।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कागज र कलमको सुरक्षा गर्दै जाने छौं,
आफ्ना मनका बेगहरू लेख्दै जाने छौं,
प्रेमको दुखका साधन जोड्दै जाने छौं,
संसारको सुनसानमा कृपा गर्दै जाने छौं,
हो दुखीको दुख अरू बढदै जाने छ
अत्याचारी अभ्यास पनि गर्दै जाने छ,
स्वीकार छ कटुता यो अत्याचारको
वेदनाको औषधी पनि गर्दै जाने छौं,
दिलमा छ बाँकी रगत मात्र आँसूले बनेको
कपोल ओठ प्रेमिकाको रङ भर्दै जाने छौं,
बेवास्ताको ढंग छ उनको उनलाई बधाई मेरो
इच्छा प्रकटको आकांक्षा गर्दै जाने छौं।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बल्नलागे संझनाका चिताहरू
तिमी आऊ अब बनाउँ गीतहरू
बाटो हेर्दै सब जुग बीत्यो
उनी भने त आइनन्
आँखा चिम्ली पल-पल देखें
उनका सुन्दरतम प्रतिबिम्ब
आफ्नो दुखको मुकुट लगाई
ती निष्ठुरको सामू जाऊँ
रून मन लागे मुसुक्क परौं
दिल टुट्न गए दीप जलाऔं
प्रेम-कथाको अन्त त छैन
कति पटक त्यो दोहराऊँ
प्रीतको रीत अनौठो लाग्ने
केही नमाग्दा सब कुरा पाइने
उनीसित के कुरा लुक्यो हरे
केही बताए किन पछुताउने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खुल्यो मेरो दुखको द्वार
जब आए ती भेट्ने साथी
साँझ पनि आयो बाटो ली
उदासीको भुईं ओछ्याई
अनि आयो रात सुनाउनलाई
आफ्नो दुख चन्द्र-तारालाई
आयो बिहान चिर्दै लौ
घाउ जति संझाउनलाई
आयो लुकाउँदै दिउँसो त्यो
शान्तिमा कोर्रा अग्निको
आए सबै ती भेट्ने साथी
दिन-रातको सम्बन्ध राखी
यो को आयो को गयो अब
नजर र दिललाई थाहा कहाँ
जब ध्यान छ मात्र जन्म भूमिको।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कहिले आउँछ हेर सभना त्यो चित्र कहिले कहिले को
ती नजर र दिल का कुराहरू ती पर र वर का कुराहरू
मरूभूमिका इच्छाहरू, छन यात्री दल केही रोकिने
केही छन् कुरा मनमा टाँसिने केही छन् कुरा शीर्षक हुने
यो नजर र दिलमा चैन कहाँ यो सुख-दुखमा कमी कहाँ
त्यो भेटघाट हुने जहाँ, ठ्याक ठुठुक हूने तहाँ।
हे रक्सिबाज अब भन, के छ फरक यो रजनीमा
कोही रक्सी खान आइ रहे, कोही रक्सी खाई गइ रहे।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्वागत पाउँदा पनि यस्तो किन चिनजान हराए जस्तो
हुने अब कहिले हाम्रा बीच पुनः मित्रता यस्तो
यी आँखाले कहिले होला निर्मल हरियाली देख्ने
कहिले हुन दाग रगतका कति बरसात पछि धोइने
ती सब निष्ठुर क्षणमा हेर प्रेम दुखको अन्त भयो
दयापूर्ण ती रात पछि किन त्यो निर्दयी बिहान भयो
मनले चाहचो गर्न कुरा तर टूटेको दिलले बाधा दियो
राम्रा कुरा पछि पनि किन हो कुन्नी आँखामा आँसू भरियो
प्राण पोन गर्न अर्पण उनको निम्ति त्यहाँ गएँ
मनका कुरा किन हो आज मेरो मुखमा अलमलिए।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बिती रहे दिन रात तिमी आइनौ
जिन्दगीको बागमा आएन बसन्त तिमी आइनौ
मेरो कल्पनाको दुनियामा दुखै दुख घेरै छ
इच्छा तिम्रो दुखको यो विश्वास प्यारो छ
एकलास पना मेरो अझै बसी रहेको छ
यो लामो रात किन किन यो नै त प्यारो छ
उदास आँखा छ हरे तिमीलाई पर्खेको
बसन्तको बहारमा बन्धन बिछोडको
परिक्षा गर्न धैर्य जाच्ने कस्तो बानी हो
किरिया खान्छु तिम्रो धेरै दुख बोकेको
अब आउ तिमी धैर्यको दावा असत्य छ
थाकी सकें अब त हेर आशा एक तिम्रो छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

न गर्छ चैन प्रेमले
न पर्खि बस्छ रूपले
रिसाइ गयौ तिमी भने
सकिन्न गन्न कामना।
आफ्नो नजर फिजाइ द्यौ
मेरो नशा जतिं देख्दछयौ।
मुसुक्क हाँसी प्रेमिका मेरो ओठमा नै आएर
कतै बहार देखियो कतै छ मात देखियो।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिम्रो प्रेममा संसार दुवै हारेर गो कुनै उदास,
सुनसान छ मधुशाला त्यो प्याला र बोतल दुवै उदास
तिमी जसै रिसायौ त गयो सबै मेरो बहार
यदि मिल्यो फुर्सद भने पापबाट चार दिन
देखेको छु मैले कतै साहस त्यो भगवानको
तिम्रो संझनामा दुनियाले बनायो मलाई अनजान लौ
तर तै पनि मलाई त संसारको दुख प्यारो छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिम्रो दुख मेरो मनमा यसरी आउँछन्
जसरी काबामा मूर्ति फर्केर आउँछन्।

तिम्रो पाइला पाइलामा ताराका ज्योति थपिन्छन्
जसै जसै तिमी मेरो घर तिर आउँछ्यौ।

रक्सी लहरै तेज गर बाजाको लय तेज गर
मधुशालामा प्रेयसीको सन्देश ल्याईंदैछ।

उनी आउँछिन् जब, कृपा गर्न नै आउँछिन्
बरू ममा नै कृतज्ञ हुने शक्ति छैन।

बिछोड लामो रात्ले दुख कम गर्दै छ
यस्तै भई रहे संझना पनि कम आउने छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

त्यो रङ्ग तिम्रो पोशाकको
त्यो बास्ना तिम्रो कपालको
तिमी आउँछ्यौ जब कौसिमा
बहार नै अब झुल्कियो।

त्यो तिम्रो आँखा ओठले
ल्यायो बसन्त यो बागमा
नजरमा तिम्रो देखियो
राम्रो सुगन्ध फूलको।

त्यो दिलमा लौ उज्यालो भो
त्यो पेय-स्थल बहार भो
तब कल्पनाको उडान भो
तब मूक दुनियाँ बोल्ने भो।

तिम्रो रूप देख्दा परीहरू
कपाल फिजाउन लजाए लौ
लैलाले प्रेम छाडिदिइन्
प्रेमी सबै बदनाम लौ।

कृपाले रसाध्यक्षको
नाउँ छ ठूलो आज लौ
भन्छन् मलाई मालीले
सुनसान ठाउँको नाम देउ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मोती होस् वा शीशा होस्
प्याला होस् वा ढोका होस्
जो फुटन गयो सो फुट्न गयो
जुडदैनन् आँसूले तिम्रो
जो फुट्न गयो सो फुट्न गयो।

व्यर्थमा छानी टुक्रा टुक्रा
आँचलमा लुकाई बस्दैछ्यौ
काँचको रक्षक छैन कुनै
किन आस लगाई बस्दैछ्यौ।

शायद यी टुक्रामा कहीं कहीं
मनको प्याला बसी रहेछ
जहाँ गर्वले ओर्लन्थिन कहिले
प्रेयसी बिरह बोक्न परी।

अनि दुनियाका मानिंसले
त्यो प्यालालाई फोरी दिए
माटोमा रक्सी बगाई दिए
पाहुँनाको प्वाँख तोडी दिए।

हुन् यी टुक्रा रंगी चंगी
चंचल सपनाका जस्तै
तिमी मस्त जवानीमा जसले
सुत्ने कोठा सजधज गर्थ्यौं।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
तर दरिद्रता र दारूण दुख
यी सपनामा ठक्कर खान्थे।
चौतर्फी पत्थर बर्सन्थ्यौ
यी काँचले कहाँ जोगाउँथे।

शायद यी टुक्रा टुक्रामा
मोती छ तिम्रो इज्जतको
गर्दा जसले तिम्रो प्रभुत्वको
अग्लो रूखले डाह गर्यो।

यो माल लुट्न घुमदै थे
घेरै लुटहा, घेरै डाँका।
यो चोर शहर, यहाँ दरिद्रको
यदि ज्यान बच्यो भने इज्जत गो।

यी पेय-पात्र, राता मोती
पूर्ण भएमा मोल हुने
यी टुक्रा टुक्रा काँचहरू त
घोच्ने, रूवाउँने, रगत बगाउँने।

तिमी व्यर्थमा काँच टिपी-टिपी
आँचलमा लुकाई बस्दैछ्यौ
काँचको रक्षक छैन कुनै
के आस लगाई बस्दैछ्यौ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फाटेको संझना सिइन्छ हरे
तर मनको कदापि सिइन्न
कतै धागो झिक्यो कतै फेरी सियो
जीवन बितायो दुखै भरी।

हाम्रो सानो संसारैमा
कति पेय-पात्र ढल्दै जान्छन्
हर वस्तुको सट्टा पाइन्छ
सबको आँचल भर्न सकिन्छ।

यदि हात बढ़यो मदतगार यहाँ
जब नेत्र उठ्यो त्यो भाग्यवान
यहाँ छैन कमी रूपियाँ पैसा
तर लाखौं डाँकू कम छैनन्।

आफनै खोसा-खोसी हाम्रो
लुछा-चुँडी आफ्नै हाम्रो
यहाँ परबत-परबत हीरा छन्
यहाँ सागर-सागर मोती छन्।

कोही आफ्नो धनलाई
पर्दालें लुकाई राख्दै छन्
हर परबतलाई हर सागरलाई
लीलाम गराई राख्दैछन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यी दुइटैमा रण हुन्छ
गाउँ-गाउँ नगर-नगर
हर घरको, हेर छातीमा
हर बाटोको निधारमा।

यी आगो लगाउँदै हिंडदैछन्
ती आगो निभाउँदै हिंडदैछन्।

सब पेय-पात्र राता मोती
यस दाउ बाजीमा पर्छन्
उठ तिमी खाली हात भएको
लौ रणमा बोलाहट आएको।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मेरो हेर्ने सोखमा
गर्मी यति छ
मैलै हेरें मात्र भने
फूल फक्रिन्छन्
खाली ठाउँमा पनि।

यस्तो नगर्न
नसीहत दिन्छन जसले
उनले बिर्सन्छन्
यो बाटो कति
राम्रो छ भनी।

म चाहन्छु जसलाई
तिमी एक पल्ट त हेर
अनि तिमीले नै
चाहने छौ त्यसलाई।

अचेल जो
अस्तव्यस्त देखिन्नन्
एक पल्ट उनीहहरू भित्रको
आगो त हेर।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मैले आफनो पोल्टालाई
बनाएकोछु बगैंचा नै
त्यसमा भएका
रगतका थोपा हेर।

मेरा आँसुमा
यति ज्योति छन् आज
रातको अँध्यारो सबै
सकिए जस्तै लाग्छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
हेर्ने आकांक्षामा कहिले देखि
मानिसहरू हिंडदैछन्
यही बाटो गरी
आशाको फाँटमा
प्रेमीहरू
धेरै दिन देखि
घुम्दै छन्।

तिम्रो ऋण बाँकी छ मसित
धेरै भयो
मेरो आँसुले
त्यो नतिरेको तिमीलाई।

आशाका क्षण
यस्ता पनि बिती सके
जब म मा आएनन्
कुनै इच्छाहरू
तिनको हिसाब
दिनु पर्ने छ मैले।

साज तैयार गर
अब तिमी,
म दिल जलाउने
गीत गाउन चाहन्छु।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दुखी दिलले
खोज्दछ थपी थपी
अरू दुख
दुभार्ग्यले चलाउने हो कहिले
म माथि आफनो तीर।

त्यसै निम्ति तिमी
भर पहिले रक्सीको प्याला नै।

कति दिन देखि, हामी
कुरा गर्दै छौं वलिदान को
हामी पनि आवाद गरौं
कुनै त्यस्तो स्थल बलिदानको।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चुप चाप बस्ने मौसम सारा दुनियामा आएको छ
ओठ सिइएका छन् घाउ सिइएका हुन् वा न हुन्
मित्रहरू गोष्ठी सजाउ बहार आएको छ
फूल फक्रुन वा न फक्रुन मेरा घाउ फक्रेका छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मेरो प्रेमीको देश
तिम्रो जोशलाई सलाम
मेरो देश
ईश्वरले देओस तिमीलाई
अरू शक्ति संघर्षको।
जुन बाटोमा
खसेको रगत
लाग्दछ जस्तै रक्तिम सिन्दूर।
मेरो बंगैचामा
आज छन् फक्रेका फूलहरू।
प्रत्येक सुनसान घरको
अंधकारलाई सलाम
जसले देशका निम्ति
संघर्ष गर्दा गर्दै
घर बरबाद गर्‍यो
त्यसलाई पनि सलाम।
प्रत्येक मारिने निर्दोषलाई सलाम।
प्रत्येक आँसु भरिएको
आँखाको चमकलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गरोस रक्षा ईश्वरले
दुखको सम्पत्तिलाई
स्वागत गर्ने
रहोस परंपरा कायम
जब सम्म हुन नसकोस
सारा दुनियाको
दुख समाप्त।
दुखबाट सबैलाई
नहुनजेल मुक्ति
कसैलाई पनि नहोस
दुखबाट मुक्ति।
तिम्रो खोजीमा
जसको पैताला
छन् भएका छिया छिया
उसलाई नमिलोस कहिले शान्ति
काँटाका चुच्चोमा
छन् जतातै
रगत रंगिएका
सुन्दरता।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आकास आज आँधी भरिएको समुद्र जस्तै छ
बादल जतातै जहाज जस्तै छन्
जहाजको कौसीमा किरण मस्तूल झैं देखिन्छ
पाल त जाडोमा भेंडाको छाला ओढे जस्तै छ
आकास नदी जस्तै दैखिन्छ
बादल छन् टापूहरू जस्तै
तर खेलमा व्यस्त छन् हरेक त्यहाँ
नुहाउन लागेको कुनै अबाबिल चरा जस्तै
वा डुबुल्की मारी रहेको चील जस्तै।
यो समुद्रमा छैन कुनै जबरजस्ती गर्ने
कुनै समुद्री बेडा छैन कुनै देशको यहाँ
यसको मुनी कुनै पनडुब्बी छैनन्
कुनै राकेट छैनन्, कुनै तोप पनि
यसो त सबै तत्व छन् जोरशोरमा
यस्तो आँधी भरिएको समुद्रमा पनि शान्ति देख्दछौं।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आउनोस उठाउँ हाथ
हामी पनि
हामी जसलाई
छैन संझना
रीत प्रार्थनाको
हामी जसलाई
बाहेक प्रेममा जलनको
छैन संझना
कुनै मूर्ति वा कुनै ईश्वरको।

आउनोस गरौं प्रार्थना
जीवन प्रेमिकाको
भरौं हामीहरू
आजको विष
भोलीको मिठासमा।
उनीहरू जसलाई
जीवनको दुख
छैन सहच
तिनका प्रातको मुहारमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

छैन शक्ति कुनै
उनको निमेष
हलुको होओस।
जसको पाइलामा
कसैको सहारा छैन
तिनको रातलाई
कुनै ज्योतिले
उज्यालो पारोस।

जसको धर्म नै असत्य
र धोखाको पैरवी हो
जो जान्दैनन् पालन गर्न
आफनो मर्यादा,
तिनलाई आफै सत्य खोज्ने
आँट मिल्न सकोस।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जसको सिरमाथि
छ तलवार
अन्याय अत्याचारको
हत्याराको हात
झडकारेर हटाउने
उनलाई शक्ति मिलोस।
प्रेमका प्रति
छन् समर्पित जो
एक पल्ट बुझे आफूलाई भने
सबै शंका सकिने छ मेट्न।

साँचो कुरा भने
खटकन्छ मनमा
आज गर प्रकट
अनि मेटिने छ
तिम्रो शंका।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हे सत्यका रक्षक तिमीले
भन्यौ मलाई जाउ
पृथ्वीमा
र भन्यौं तिमी हौ
दुनियाका सम्राट नै।
भन्यौ तिमीले
म हूँ प्रतिनिधि तिम्रो
म तिम्रो महामहीम पनि।

तर के कहिले सोध्यौ तिमीले
म सित,
म माथि कति आपद
आई पग्रो भनी।

हे ईश्वर, नाममा तिम्रो
गरिएका कति अन्याय सहें मैले।
कतै पुलिसको दवाव बढयो
कतै पटवारीको रोब चढयो।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यिनै हालमा
छ तडपिरहेको मेरो जिन्दगी
जालमा परेको चरा जस्तै
म छु आज भएको

हे ईश्वर, अचम्मको सम्राट मलाई
छौ बनाएका तिमीले,
मैले भने एक एक अन्नलाई
खोज्दै छ हिंडनु परेको।

हे रक्षक मलाई,
चाहिएन सम्राट सरह.
मलाई तिमि केवल देऊ
सम्मानले बाँचने रोटी
मलाई महल वा अग्लो घरको
कुनै इच्छा छैन,
मलाई त बाँच्न केवल
एउटा कुना मात्र देउ।
मेरो कुरा यदि तिमीले
मान्यौ भने
म पनि मान्ने छु
तिम्रो कुरा।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यदि तिमीलाई
छैन मन परेको
मेरो प्रार्थना भने
म खोज्ने छु
अरू कुनै रक्षक।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मेरो संझनाको बँगैचमा
वासन्ती पवन
उडन चाहन्छ भने
फेरी फूल
फक्राउन चाहन्छ भने
फूल फक्राउन देउ।
मेरो बितेको उमेरको
कुनै खोपामा
मनको पीर राखिएको छ
त्यो फेरी चाहन्छ
धपक्क बल्न भने
बल्न देउ।
अपरिचित सित
भरखर भेटे जस्तै भए पनि
दुइ चार घडी
म संगै नजीक आइ बस।

हामी बस्यौ संगै भने
हाम्रो भेट घाट पछि नै
हुनेछ हामीलाई ज्ञान
भेट नहुँदा
कति नोकसान भइ सकेछ भन्ने।
हाम्रो नबोलिए वादा जति
हलुको पर्दा झैं बन्ला।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुनै वादा वचन
न म संझाउँला
न त तिमी संझाउली।

न त मायाको
न त अन्यायको
सारांश होला।
युगको धुलोले
हाम्रो बारेमा लेखेको कुरा
धुने काम होला।

जब मेरा आँखाका निमेषले
आँसूद्वारा गर्नेछन् कुरा
तिमीले इच्छा गरे
त्यो कुरा सुन्नु
न चाहे नसुन्नु।

अनि मेरा चंचल आँखाले
खोजे केही लेख्न भने
तिमीले चाहेमा केही भन्नु
न चाहेमा नभन्नु।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
आशा ने समाप्त भएको
मनाइन लागेकोछ खुशीको चाड आज
सबै जना यहाँ आउ।
जनताको मृत्युको तिहार
मनाऊँ यहाँ।
चिहानलाई छु गरेको
मैले आवाद।
तिमीहरूलाई पुग्राएँ
मैले चिहानमा
त्यसैले भयौ मुक्त तिमी
दिन र रातको गिन्ती हुँदैन
घुसे पछि चिहानमा।
बिहान हुने प्रतिक्षामा किन बस्दैछौ
के कुराको सपना देख्दै छौ।
सबै हेर्ने आँखालाई
तलवारले फोरि दिएको छु मैले।
अब कुनै हाँगामा
फुलको लाली छैनन् देखिने।
फूलको बहारका सट्टा
चारै तिर देखिने छन्
अग्निको ज्वाला।
अब वर्षामा हुने छैन
मोतीको वर्षा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बादलले उमार्ने छ
काँटा र झारपात।
मेरो धर्म पनि छ नया
र त्यसको व्यवहार पनि नया।
मेरो कानून र धार्मिक नियम्
दुबै छन् नया
अब काबामा
नमाज पढनेहरू
मूर्ति पूजा गर्ने छन्।
राम्रा अलगा मानिसहरू
बाउन्नेको खुट्टा पर्ने छन्।
आज पृथ्वीमा
सच्चाई र विनम्रताको
ढोका बन्द भएको छ।
अब स्वर्गमा
आसिर्वाद दिने
ढोका बन्द भएको छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अत्याचार सहने मानिसः

रात पग्रो अनि
हरेक पीरको धारा चल्यो
बिहान भयो
प्रत्येक घाउको
टाँका खुल्यो
दिउसो भयो
प्रत्येक नशाले
रगत बरसाए
साँझ पग्रो अनि
डरको भूत पस्यो।

हे ईश्वर
यो मैले गन्नु पर्ने
दिन रात र बिहानहरू।
हे मेरो उमेरको
लक्ष रहित
थकाई मार्ने स्थल।
के यही छौ लेखेका
तिमीले भाग्यमा मेरो।
बनायौ तिमीले मलाई
कति खुशी नपाउने मानिस।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भन्छन् सब अत्याचारी
हे ईश्वर
तिमी हुन्छौ खुशी
प्रत्येक अत्याचारले भनी।
प्रत्येक अत्याचार
हुन्छ तिम्रो आदेशले
भन्छन् उनीहरू
यो पनि।
यदि हो यो साँचो भने
तिम्रो न्याय अस्विकार गरूँ
या त तिनको कुरा मानु
वा नमानु तिम्रो अस्तित्व नै।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ईश्वरको आवाज (आकाशवाणी)

प्रत्येक शक्ति प्रयोग गर्नेलाई
आकाशवाणी देउ
यिनले आफना
सुकृत्य र कुकृत्यको
खाता सम्हालुन भनी।
जब कर्म गर्नेहरू
यहाँ जाग्ने छन्
तब फाँसीका फन्दा पनि
असक्त हुने छन्।

कोही हुने छैन यिनलाई
सकने बचाउन
सुकृत्यको पुरस्कार
र कुकृत्यको सजाय
यहीं छ पाइने।

अन्तिम निर्णय उठने छ
यहीबाट नै
सबको हिसाब लिइने छ
यहीबाट नै।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१. लेखकबाट श्री ५ को सरकारको पचीस वर्षसम्म निजामती र कूटनैतिक सेवा गरिएको;

२ त्रिचन्द्र कालेज लगायत भारत तथा संयुक्त राज्य अमेरिकाका सात विश्वविद्यालयमा अध्ययन गरेको;

३. नेपाल लॉ कालेज र हार्लैण्डको इन्स्टिटचूट अफ सोशल स्टडीजमा अध्यापन गरेको; *

४. संयुक्त राष्ट्र संघ; यूनेस्को; अंकटाड; इक्याफे; भूमिपरिवेष्ठित राष्ट्रहरूको पारवहन सम्मेलन; नेपाल–भारत वाणिज्य तथा पारवहन सन्धि वार्ता आदिमा नेपालको प्रतिनिधित्व भएका छन् र यस क्रममा चार महादेशका बत्तिस मुलुकहरूको भ्रमण भएका छन् ।

५. लेखकका अन्य प्रकाशन मध्ये:

(क) 'पंचायत–एक सामाजिक–आर्थिक आवश्यकता' (नेपाली र अंग्रेजीमा)–राज दर्बार, प्रेस सचिवालयबाट प्रकाशित भएको;

(ख) एण्टीगनी, चू युआन र एगामेमनन्–नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट;

(ग) 'भगवान बुद्धका उपदेश'–जापानको बुक्यो डेण्डो क्योकाईबाट;

(घ) 'नल र दमयन्ती'—टाटा–मैकग्राहिलबाट;

(ङ) 'गीता र प्रेरणा'

(च) भूमिपरिवेष्ठित राज्यहरूको पारवहन व्यापार (अंग्रेजीमा)–इन्स्टिटचूट अफ सोशल स्टडीज, हार्लैण्डबाट प्रकाशित भएका छन् ।

(छ) अरू प्रकाशित पुस्तकहरूमध्ये: राजा इडिपस (नेपाली र हिन्दीमा); 'पाश्चात्य राजनैतिक दर्शनको इतिहास' तथा 'मीर गालिब इकबाल' आदि छन् ।

६. लेखक हाल श्री ५ को सरकारद्वारा गठित उच्च–स्तरीय जनसंख्या परामर्शदात्री समितिका सदस्य हुनुहुन्छ ।

७. जन्म–सखडा, सप्तरी ।

* त्रिभुवन विश्वविद्यालयको मेडामा सीनियर रिसर्च अफिसर भएको र सेनासमा आगन्तुक प्राध्यापक रहेको